बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः नवौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८१।११।२७, मंगलबार

स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. - ४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. - १ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. - २ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. - ३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. - ४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. - ५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. - ६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. - ७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. - ८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. - ९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९ | श्री दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | | |
| २० | विनोद चन्द्र अधिकारी | स्वास्थ्य शाखा प्रमुख | | |
| २१ | लोक देवी गुरुङ | ना.प्र.प | | |
| २२ | कल्पना गुरुङ | M.S अपरेटर | | |
| २३ | ममता गुरुङ | उ.वि.स | | |
| २४ | सन्दिप गुरुङ | रोजगार संयोजक | | |
| २५ | डा. अनुप गुरुङ | पशु सेवा शाखा प्रमुख | | |

CamScanner

## नवौं कार्यपालिका बैठक २०८१।११।२७, मंगलवार

**प्रस्ताव नं १. सि. अनमी रोशनी घले गुरुङ(क सं नं २१४३०७ )को असाधारण विदा स्वीकृत सम्बन्धमा।**

**निर्णय नं १.** क्व्होलासोथार गाउँपालिका अन्तर्गतको मालिङ स्वास्थ्य चौकीमा कार्यरत सिनियर अनमी श्री रोशनी घले गुरुङ (क सं नं २१४३०७) ले घरायसी तथा अशक्त सासु ससुराको कडा रोगमा विशेष हेरचाह गर्नुपर्ने कारण देखाई अन्तिम वा तेस्रो पटकका लागि असाधारण विदा स्वीकृत गरी पाउँ भनी मिति २०८१।१०।११ मा दर्ता भएको निवेदनउपर कारवाही हुँदा गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन ,२०७९ र नियमावली, २०८० को नियम १२०(१) बमोजिम मिति २०८१।१२।०१ देखि लागु हुने गरी अन्तिम वा तेस्रो पटक १ (एक) वर्ष अर्थात मिति २०८२।११।३० गतेसम्म असाधारण विदा स्वीकृत गर्ने निर्णय।

**प्रस्ताव नं २: दोस्रो चौमासिक सार्वजनिक सुनुवाईको मिति र स्थान तय सम्बन्धमा।**

**निर्णय नं २:** क्व्होलासोथार गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुबाट दोस्रो चौमासिकसम्म अर्थात मिति २०८१ फागुन मसान्तसम्म भएका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण लगायतका विषयहरुमा पारदर्शिता कायम राख्न **मिति २०८१ चैत २२ गते शुक्रबारका दिन वडा नं ७ भोजेमा** सार्वजनिक सुनुवाई गर्ने निर्णय।

**प्रस्ताव नं ३ : सुरक्षित आप्रवासन (SaMi )को चौथो फेज कार्यक्रम लागु तथा प्रतिबद्धता सम्बन्धमा।**

**निर्णय नं ३ :** वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिहरुसँग अन्तक्रिया तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि सुरक्षित आप्रवासन (SaMi) को चौथो फेज कार्यक्रम नेपाल सरकार र स्वीजरल्याण्ड सरकारबीचको साझेदारीमार्फत आगामी आ. व. २०८२।०८३ मा क्व्होलासोथार गाउँपालिकामा लागु गर्न सहकार्य गर्ने तथा लागत साझेदारीमा कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न मनोसामाजिक परामर्शदाता (पाँचौ तह)- १ जनाको तलब तथा सुविधाको ५० % रकम रु. २,५८,०५०।- र कार्यक्रम विस्तार गर्न रिटर्नी स्वयंसेवक- २ जनाको निर्वाह भत्ता र सुविधा स्थानीय तहको कानून र आपसी सहमति बमोजिम १००% रकम बेहोर्ने प्रतिबद्धता।

**प्रस्ताव नं ४. अध्यक्ष कप सञ्चालन स्थान र मिति तय सम्बन्धमा।**

**निर्णय नं ४.** स्थानीय तह खेलकुद विकास समितिको संयोजकत्वमा दोस्रो क्व्होलासोथार गाउँपालिकास्तरीय अध्यक्ष कप **२०८१ चैत्र २४ गते आइतबार देखि ३०** सम्म ऐ. गाउँपालिकाको **वडा नं ५** स्थित **सत्यसेवा खेलकूद मैदान, सिङ्दी** मा सञ्चालन गर्ने। खेलकूदमा पुरस्कार राशी **गण्डकी प्रदेश खेलकूद कार्यविधि/मापदण्ड** बमोजिम हुने निर्णय।

नवौं कार्यपालिका बैठक २०८१।११।२७, मंगलवार

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं ५. आर्थिक सहायता सम्बन्धी।**

**निर्णय नं ५.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | तेस्रो कर्पोरेट फुटसल प्रतियोगिता, लमजुङ | रु. ५०,०००। | कर्मचारीहरुको सहभागिता र खेलकुद प्रोत्साहान |
| २. | पसगाउँ सामूहिक होमस्टे समिति, वडा नं ६ | रु. ३,५०,०००। | आन्तरिक ग्रामिण पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार र व्यापार |
| ३. | चलचित्र पत्रकार संघ नेपाल, कास्की | रु. १,००,०००। | सिनेमा संवादमार्फत ग्रामिण पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार |
| ४. | नरेश कुमार घर्ती, वडा नं ७ | रु. ३०,०००। | उपचार खर्च |
| ५. | सामूदायिक बन उपभोक्ता महासंघ, क्व्होलासोथार | रु. ४३,०००। | डढेलो सम्बन्धी सचेतना अभियान कार्यक्रम |
| ६. | बिगु युमा देखी छेल्जीसम्म ग्याविन तथा मोटरबाटो मर्मत उ. स., वडा नं ४ | रु. ३५,०००। | कच्ची मोटरबाटो मर्मत |

**प्रस्ताव नं ६. विविध।**

**निर्णय नं ६.** क) आठौं **स्थानीय तह स्थापना दिवस** (२०८१ फागुन २७) का अवसरमा शुभकामना आदानप्रदान गरी स्थापना दिवस मनाउने।

ख) PMEP अन्तर्गतको **श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम** ऐ. चैतको पहिलो हप्ताभित्र वडा नं ७, ८ र ९ गरी ३ वडामा सञ्चालन गर्ने।

ग) यस गाउँपालिका अन्तगतका विद्यालयमा अध्ययन गर्ने ECD देखि कक्षा ३ सम्मका **अपाङ्गता पहिचान** भएका ( मापदण्डको सूचक बमोजिम) १९ जना बालबालिकाको अपाङ्गता सामाग्रीहरु प्राप्तिका लागि ऐ. चैतभित्र अपाङ्गता परिक्षण सिफारिस गर्न गाउँपालिकाले समन्वय तथा खर्च व्यवस्थापन गर्ने।

CamScanner

**नवौं कार्यपालिका बैठक २०८१।११।२७, मंगलवार**

घ) यस पालिकाबाट चालु आ.व. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम **ट्रेभिज निर्माण कार्यक्रम** अन्तर्गत रहेर ४ वटा स्थानहरु ( **वडा नं २ मालिङ, वडा नं ८ साल्मे, वडा नं ५ सिङ्दी, वडा नं ६ पसगाउँ** )मा १/१ वटा ट्रेभिज निर्माण गर्ने ।

ङ) यस वर्ष गाउँपालिकाले **NNFRC** कार्यसम्पादन सूचकमा ५८ अंक प्राप्त गरेको हुँदा सुत्रमा आधारित वितिय समानीकरण अनुदान वृद्धि गर्न सूचकहरु राजश्व अनुमान र बजेट खर्च सहि ढंगले गर्ने । मनोरञ्जन शुल्क तथा ढुङ्गा, गिटी, बालुवाको संकलन दस्तुर विभाज्य कोषमा जम्मा गर्ने । कक्षा ८ र ९ बीचको विद्यार्थी Drop Out कम गर्ने ।

च) यस पालिकाबाट चालु आ.व. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम **कृषि शिविर सञ्चालन** कार्यक्रम मिति २०८१ चैत्र २० गतेभित्र कृषि ज्ञान केन्द्र लमजुङको समन्वयमा वडा नं ४ र वडा नं ९ मा कृषि शिविर सञ्चालन गर्ने ।

छ) क्व्होलासोथार गाउँपालिका शिक्षा समिति सदस्य ( साविक पसगाउँ गाविस अध्यक्ष ) वडा नं ६, पसगाउँ निवासी स्व. **बलराम गुरुङ** र क्व्होलासोथार गाउँपालिका, वडा नं २ ठोडा निवासी स्व. **खरध्वज गुरुङ** को असमायिक निधनप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्ने ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner